# प्रहरी पहरा गण गठन नियमावली, २०६४

नेपाल राजपत्रमा प्रकाशित मिति

२०६४।११।६

संशोधनः

प्रहरी पहरा गण गठन (पहिलो संशोधन) नियमावली, २०६६ २०६६।११।२०

प्रहरी ऐन, २०१२ को दफा ३९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "प्रहरी पहरा गण गठन नियमावली, २०६४" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "प्रहरी पहरा गण" भन्नाले नियम ३ अन्तर्गत गठित प्रहरी पहरा गण सम्झनुपर्छ ।

(ख) "प्रहरी पहरा गणका कर्मचारी" भन्नाले यस नियमावली बमोजिम प्रहरी पहरा गणको पदमा नियुक्ति वा सरुवा भएका प्रहरी कर्मचारी सम्झनुपर्छ ।

३. **प्रहरी पहरा गणको गठन र कार्यक्षेत्र** : (१) नेपाल सरकारले तोकेको क्षेत्रमा प्रहरी सेवाअन्तर्गत प्रहरी पहरा गणको गठन हुनेछ ।

(२) उपनियम (१) बमोजिमको प्रहरी पहरा गणअन्तर्गत आवश्यकता अनुसार गुल्म, सेनामुख, पति, युनिट समेत रहन सक्नेछ र त्यसको कार्यक्षेत्र प्रहरी प्रधान कार्यालयले तोकेबमोजिम हुनेछ ।

४. **प्रहरी पहरा गणको काम र कर्तव्य** : प्रहरी पहरा गणको काम र कर्तव्य देहायबमोजिम हुनेछ :-

(क) नेपाल सरकारले तोकेको विशिष्ट व्यक्ति र सुरक्षाको निमित्त गारद पाउने अधिकार प्राप्त अधिकारीको सुरक्षा गर्ने,

(ख) राष्ट्रिय महत्वका विशेष प्रतिष्ठान, धार्मिक दृष्टिकोणले महत्वपूर्ण मठ मन्दिर, संरक्षण गर्नु पर्ने सार्वजनिक सम्पदा, स्थान तथा ऐतिहासिक सम्पदाहरुको सुरक्षा गर्ने,

(ग) नेपालस्थित विदेशी कुटनैतिक नियोग, कार्यालय तथा निवासको सुरक्षा गर्ने,

(घ) संवैधानिक निकायका पदाधिकारी र तिनको निवासको सुरक्षा गर्ने,

(ङ) प्रहरी प्रधान कार्यालयले तोकेको अन्य कार्य गर्ने ।

५. **कार्यालयको स्थापना र कार्यालय प्रमुख** : देहायका कार्यालयहरुमा देहायका कार्यालय प्रमुख रहनेछन् :-

(क) प्रहरी पहरा गण - प्रहरी उपरीक्षक

(ख) प्रहरी पहरा गुल्म - प्रहरी निरीक्षक

(ग) प्रहरी पहरा सेनामुख - प्रहरी नायव निरीक्षक

(घ) प्रहरी पहरा पति - प्रहरी सहायक निरीक्षक

(ङ) प्रहरी पहरा युनिट - प्रहरी हवल्दार

६. **मातहत रहने** : महानगरीय प्रहरी कार्यालयको क्षेत्रभित्र रहेका प्रहरी पहरा कार्यालय महानगरीय प्रहरी कार्यालय मातहतमा, क्षेत्रभित्र रहेका प्रहरी पहरा कार्यालयहरु सम्बन्धित क्षेत्रीय प्रहरी कार्यालयको मातहतमा, अञ्चलभित्रको प्रहरी पहरा कार्यालयहरु सम्बन्धित अञ्चल प्रहरी कार्यालयको मातहतमा र जिल्लाका प्रहरी पहरा कार्यालयहरु सम्बन्धित जिल्ला प्रहरी कार्यालयको मातहतमा रहनेछन् ।

७. **रिक्त पदको पूर्ति** : प्रहरी पहरा गणको रिक्त पदको पूर्ति देहाय बमोजिम गरिनेछ :-

(क) नेपाल प्रहरी सेवाका प्रहरी कर्मचारीहरुलाई समान स्तरको पदबाट सरुवाद्वारा,

(ख) प्रचलित प्रहरी नियमावली, २०४९ बमोजिम नयाँ भर्ना वा नियुक्तिद्वारा ।

८. **सरुवा र बढुवासम्बन्धी व्यवस्था** : (१) देहायका प्रहरी पहरा गणका कर्मचारीको सरुवा बढुवा प्रहरी पहरा गणमा मात्र हुनेछ :-

(क) एकपटक सरकारी सेवाबाट अलग भै पुनः नियुक्ति लिई प्रहरी पहरा गणमा कार्यरत रहेका प्रहरी कर्मचारीहरु,

(ख) नेपाल प्रहरीको अन्य समूहबाट प्रहरी पहरा गणमा सरुवा भई आएका प्रहरी पहरा गणका कर्मचारीको सेवा अवधि वा उमेर प्रहरी नियमावली, २०४९ बमोजिम पूरा भएका प्रहरी पहरा गणका कर्मचारी ।

(२) उपनियम (१) मा लेखिएबमोजिम बाहेकका अन्य प्रहरी पहरा गणका कर्मचारीहरुको सरुवा तथा बढुवा प्रहरी नियमावली, २०४९ बमोजिम गरिनेछ।

९. **उमेरको हद** : (१) यो नियमावली प्रारम्भ हुँदाका बखत प्रहरी पहरा गणमा कार्यरत प्रहरी कर्मचारीहरुको उमेरको हद देहाय बमोजिम हुनेछ :

(क) प्रहरी उपरीक्षक, प्रहरी नायव उपरीक्षक र प्रहरी निरीक्षक - ६० वर्ष

(ख) प्रहरी नायव निरीक्षक र प्रहरी सहायक निरीक्षक - ५८ वर्ष

(ग) प्रहरी हवल्दार र प्रहरी जवान - ५४ वर्ष

(२) यो नियम प्रारम्भ भएपछि प्रहरी पहरा गणमा नयाँ नियुक्ति हुने वा सरुवा भै आउने प्रहरी कर्मचारीहरुको उमेरको हद प्रहरी नियमावली, २०४९ बमोजिम हुनेछ।

१०. **सेवा अवधि** : (१) प्रहरी पहरा गणका कर्मचारीको सेवा अवधि प्रहरी नियमावली, २०४९ बमोजिम हुनेछ।

(२) × ................

(३) प्रहरी पहरा गणमा नियुक्ति भई यो नियमावली प्रारम्भ हुँदाका बखत कार्यरत प्रहरी पहरा गणका कर्मचारीको पहिले गरेको सेवा अवधि (बीचमा टुटेको अवधि कटाई) निजको उपदान वा निवृत्तिभरण प्रयोजनका लागि जोडिनेछ।

११. **यसै नियमावली बमोजिम हुने** : यस नियमावलीमा लेखिए जति कुरामा यसै नियमावली बमोजिम र अरुमा प्रहरी नियमावली, २०४९ बमोजिम हुनेछ।

१२. **खारेजी र बचाउ** : (१) प्रहरी पहरा गण गठन नियमावली, २०३८ खारेज गरिएको छ।

(२) उपनियम (१) मा उल्लिखित नियमावली बमोजिम भए गरेका काम कारबाहीहरु यसै नियमावली बमोजिम भए गरेको मानिनेछ।

---

**द्रष्टव्यः**- १. प्रहरी प्रहरा गण गठन (पहिलो संशोधन) नियमावली, २०६६ को नियम ३ निम्नबमोजिम छः-

३. स्वतः अवकाश हुनेः यो नियमावली प्रारम्भ हुनुअघि तीस वर्ष सेवा अवधि पूरा भई सेवा अवधि थप गरिएको प्रहरी प्रहरा गणका कर्मचारीको सेवा अवधि जतिसुकै बाँकी रहेको भए तापनि यो नियमावली प्रारम्भ भएपछि निजले आफू बहाल रहेको सेवाबाट स्वतः अवकाश पाउनेछ।

× पहिलो संशोधनद्वारा झिकिएको।